१२१२/ ८२४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ४७२/२०७२/०७३
निर्णय नं. ८२४

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ..............................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), दुल्लु नगरपालिका कार्यालय, दैलेख .......................१ विपक्षी

सूचना अधिकारी, दुल्लु नगरपालिका कार्यालय, दैलेख ..................................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले दुल्लु नगरपालिकाको कार्यालय, दैलेख समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेशानुसार मिति २०७२।०७।२९ च.नं. ४७८ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात उक्त दुल्लु नगरपालिका कार्यालय, दैलेखको मिति २०७२।११।०३, च.नं.१८०२, को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी बोधार्थको माध्यमबाट आयोगलाई समेत जानकारी गराईएकोले थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ जेठ २ गते रोज १ शुभम्